# पन्ध्रौं नगरसभाको बैठकमा नगर प्रमुख श्री मीनाकुमारी लामाद्वारा प्रस्तुत आर्थिक वर्ष २०८१/८२ को हेटौंडा उपमहानगरपालिकाको नीति तथा कार्यक्रम

हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

संवत् २०८१ साल असार २ गते आइतबार

**हेटौंडा उपमहानगरपालिकाका नगरसभा सदस्यज्यूहरू**

१. संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनापश्चात् प्राप्त उपलब्धिको रुपमा नेपालको संविधानबमोजिम मिति २०७९ बैसाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिको तेस्रो वर्षको प्रारम्भमा आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाइ अत्यन्त खुशी लागेको छ ।

२. संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको चरणमा भएका विभिन्न सामाजिक तथा राजनैतिक आन्दोलनमा जीवन आहुति गर्नुहुने सम्पूर्ण ज्ञात/अज्ञात सहिदप्रति सर्वप्रथम भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

३. लोकतन्त्रका न्यूनतम आधारभूत मूल्य मान्यता बहुलवादी खुला समाज, मानव अधिकार, लोकतन्त्र, सामाजिक न्याय, सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई आत्मसात् गर्दै विधिको शासनप्रति पूर्ण प्रतिवद्धता ब्यक्त गर्दछु। लोकतन्त्रलाई सामाजिक जीवन पद्धतिका रुपमा स्थापित गर्ने कुरामा नगर हरपल प्रयत्नशील छ।शासकीय व्यवस्थामा आएको परिवर्तनको अनुभूति सबै नगरबासीले गर्न सकून् भन्नेमा हामी निरन्तर क्रियाशील रहेका छौं ।

४. तीनै तहका सरकारसँग समन्वय गर्दै प्राविधिक दृष्टिले उपयुक्त, सामाजिक रूपमा सन्तुलित एवम् राजनैतिक रूपमा सर्वस्वीकार्य विकासको प्रतिफल प्राप्तिका लागि विकासका साझा गन्तव्य/प्राथमिकता चयन गर्नुपर्ने विशिष्ट अवस्थालाई मध्यनजर गरी, नगरवासीको सन्तुलित विकास एवम् सेवा प्राप्ति प्रतिको बढ्दो अपेक्षाको सम्बोधन गर्न पूर्ण प्रतिबद्ध छौं।

५. नगरबासीको आधारभूत हक तथा अधिकारप्रति सचेत रहँदै **"स्वच्छ, उत्पादनशील, समृद्ध सहर हेटौंडा"** भन्ने सोचका साथ नेपाल सरकारको सोह्रौं योजना, दिगो विकासको लक्ष्य, संघ र प्रदेश सरकारको बजेट एवम् प्राथमिकता, स्थानीय सरकारको आवधिक योजनाप्रति दृढ रही राष्ट्रिय तथा प्रादेशिक आकाँक्षा पूरा गर्ने अभियानप्रति हामी पूर्ण प्रतिबद्ध छौं ।

६. आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दाको अवस्थामा यस नगरको आन्तरिक आय, संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने अन्तर सरकारी वित्तीय हस्तान्तरणअन्तर्गत समानीकरण, शसर्त, समपूरक, विशेष अनुदान र राजस्व बाँडफाँटलगायतका स्रोतमा अपेक्षा गरेअनुरूप वृद्धि नहुँदा समग्र विकासमा महत्त्व राखे प्राथमिकतामा राखिएका जनअपेक्षित कतिपय विकास आयोजना प्रभावकारी रुपले कार्यान्वयन गर्न नसकिएको यथार्थता प्रस्टै छ ।

**नगरसभा सदस्यज्यूहरू,**

अब म आर्थिक वर्ष २०८१।८२ का प्रमुख नीति तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्दछु ।

१. नगरबासीको समग्र उन्नययनमा ठोस योगदान पुर्याउन विपन्न तथा गरिव परिवारलाई लक्षित गरी स्वास्थ्य, शिक्षा, कृषि र पर्यटनलाई महत्त्व दिंदै - **मेयर हिट (HEAT-Health, Education, Agriculture and Tourism)** कार्यक्रम सञ्चालन गरिनेछ।

२. नगरको आवधिक योजना स्वीकृत भई सकेको सन्दर्भमा सो योजनामा समावेश भएका नीति कार्यक्रम तथा योजनालाई सम्बोधन हुने गरी मध्यमकालीन खर्च संरचनासँग तादाम्यता मिलाई नगरको वार्षिक योजना तथा कार्यक्रम सञ्चालन गरिनेछ ।

३. वडा नं. १० स्थित निर्माणाधीन सुबिधा सम्पन्न बस टर्मिनलसहितको सपिङ्ग कम्प्लेक्सको निर्माण कार्य सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ । साथै सोही वडामा रहेको बसपार्कमा रहेका मौजुदा संरचनालाई विस्थापित गरी आधुनिक सुविधा सम्पन्न व्यवसायिक हेटौंडा कम्प्लेक्स निर्माण कार्यको मोडालिटीसहित प्रक्रिया अगाडि बढाइनेछ ।

४. नगरभित्र बहुउद्देश्यीय साँस्कृतिक भवन (शैक्षिक-साँस्कृतिक प्रदर्शनी भवन) लागि DPR तयार गरी निर्माण कार्य थालनी गरिनेछ। नगर क्षेत्रभित्र रहेका स्तरोन्नति नभएका पुललाई विस्थापित गर्दै पक्की पुल तथा कल्भर्ट निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

५. आफ्नै भवन नभएका वडा कार्यालय तथा सेवा केन्द्रको भवन निर्माण र अधुरो अवस्थामा रहेका स्वास्थ्य संस्थाको भवन निर्माणलाई निरन्तरता दिइनेछ। साथै पालिकाको प्रशासनिक भवनलाई थप सेवाग्राहीमैत्री बनाइनेछ ।

६. सम्बन्धित वडाको कम्तीमा ५० प्रतिशत लागत साझेदारीमा **"एक वडा, एक वालमैत्री पार्क"** अवधारणासहितको पार्क निर्माण गरिनेछ।

७. **उज्यालो र सुरक्षित सहर** निर्माणका लागि नगरका विभिन्न स्थानमा हाइमास्ट लाइट, स्ट्रिट लाइट र सिसि क्यामरा जडान कार्यलाई प्राथमिकता दिइनेछ।

८. नेपाल विद्युत प्राधिकरणको समन्वयमा सडकमा परेका विद्युतका पोललाई व्यवस्थित गर्ने कार्यलाई निरन्तरता दिइनेछ। साथै नयाँ सडक निर्माण गर्दा सडकमा परेका बिद्युत पोल हटाउने कार्य लागत अनुमानमा नै समावेश गरी कार्यान्वयन गरिनेछ।

९. संघीय सरकार र प्रदेश सरकारको लागत सहभागितामा कर्रा खोला र राप्ती नदीले मानव वस्तीलाई पुर्‍याउन सक्ने क्षति न्यूनीकरणको साथै सहरी आवागमनमा सहजताका लागि करिडोर निर्माण कार्य कार्यान्वयनमा ल्याइने छ।

१०. वडा नं. ११ राप्ती नदी उकास जग्गामा प्रदेश सरकारको लागत सहभागितामा गुरुयोजनाबमोजिमको अटो भिलेज निर्माण कार्यलाई निरन्तरता दिइनेछ। साथै नगरभित्र रहेका ग्यारेज र कबाडी व्यवसायसमेतलाई उपयुक्त स्थानमा स्थानान्तरण गरिनेछ।

११. मापदण्ड तयार गरी **"नियमित मर्मत सम्भार-दिगो पूर्वाधारको आधार"** भन्ने मुल मर्मअनुसार नगरबाट सञ्चालन हुने पूर्वाधार विकासका योजनामा विनियोजित बजेटको दुई प्रतिशत मर्मत सम्भार कोष र एक प्रतिशत कन्टिन्जेन्सी गरी जम्मा तीन प्रतिशत कट्टी गर्ने व्यवस्थालाई लागू गरिनेछ ।

१२. कानुनबमोजिम भवन निर्माण इजाजत प्राप्त नगरी निर्माण भएका भवन तथा स्थायी संरचनालाई योजना मापदण्ड पूरा गरेकाको हकमा नियमित तथा नमिलेकाको हकमा अभिलेखिकरण गरिनेछ ।

१३. बढ्दो आगलागीका घटनाको जोखिम न्यूनीकरणका लागि घर नक्सा पास गरी निर्माण सम्पन्न प्रमाण पत्र जारी गर्दा अग्नी नियन्त्रण यन्त्र (Fire Extinguisher) अनिवार्य रुपमा राख्ने नीति अबलम्बन गरिनेछ।

१४. भवन निर्माण इजाजत प्रक्रियालाई छरितो ढङ्गबाट सेवा प्रवाह गर्न विद्युतीय नक्सा इजाजत प्रणाली (Electronics Building Permit System-EBPS) सञ्चालनमा ल्याइनेछ।

१५. विभिन्न संस्थासँगको सहकार्यमा नगर भित्रका ठूला पूर्वाधार निर्माण परियोजनाको विस्तृत परियोजना प्रतिवेदन (DPR) र विस्तृत इन्जिनियरिङ ढाँचा (DED) तयार गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।

१६. सरकारी, सार्वजनिक जग्गाको तथ्याङ्क र अभिलेख अद्यावधिक गर्ने व्यवस्था मिलाई सार्वजनिक सम्पत्तिको संरक्षण गरिनेछ भने नयाँ भवनको निर्माण इजाजत प्रदान गर्दा उर्जा दक्षता (Energy Efficiency Building) तथा हरित भवन (Green Building) निर्माणका लागि प्रोत्साहन गरिनेछ।

१७. नगरपालिकाको मुख्य प्रशासनिक भवन परिसरमा प्रदेश सरकारबाट निर्माणाधीन भवनलाई नगरको स्वामित्वमा सञ्चालन गरी सेवा प्रवाहलाई सरलीकृत गरिनेछ।

**नगरसभा सदस्यज्यूहरू,**

१८. प्रादेशिक कृषि उपज थोक बजारलाई कार्यविधि तयार गरी सञ्चालनमा ल्याइनेछ। साथै दुध तथा दुधजन्य उत्पादन समाग्रीलाई बजारीकरण गर्न आवश्यक सहयोग गरिनेछ ।

१९. कृषक परिचय पत्र वितरण गरी कृषकले पाउने सेवा सुविधा तथा अनुदानका कार्यक्रमलाई प्रभावकारी बनाइनेछ।

२०. कृषिको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नका लागि स्थानीय कृषकको माग, बजारको माग तथा भूगोलअनुकूल कृषक पाठशाला एवम् **कृषि एम्बुलेन्स** सञ्चालनमा ल्याइनेछ।

२१. बढ्दो जलवायु परिवर्तनलाई कम गर्न तथा विषादीरहित उत्पादनलाई प्रोत्साहन गर्नका लागि प्राङ्गारिक मल उत्पादन, माटो परीक्षण, विषादी परीक्षण, खाद्य परीक्षण तथा Plant Clinic सञ्चालन गरिनेछ।

२२. कृषिमा युवाको आकर्षण बढाई युवा रोजगारी सिर्जना गर्नका लागि युवा लक्षित कृषि कार्यक्रमलाई निरन्तरता दिँदै स्थानीय उत्पादनको प्रबर्धन र बजारीकरणका लागि रैथाने बाली (कोदो, फापरलगायत) संरक्षण एवम् समर्थन मूल्यका कार्यक्रम तथा वैदेशिक रोजगारीबाट फर्किएका युवा (रिटर्नी) को सिप, दक्षता र प्रविधिको उपयोग हुने गरी कार्यक्रम सञ्चालन गरिनेछ।

२३. संभाव्यताका आधारमा फलफुल तथा तरकारी उत्पादन एवम् प्रशोधनका कार्यक्रमलाई प्राथमिकता दिई सञ्चालन गरिने छ भने कृषियोग्य जमिनमा सिँचाइ योजना कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२४. कृषि उपजको प्रबर्धन गर्न यान्त्रीकरणमा सहयोग गर्ने, उत्पादित उपजलाई बजारीकरण गर्ने, विमाको व्यवस्था गर्ने कार्यलाई व्यवस्थित गरिनेछ भने कृषकलाई प्रोत्साहन गर्न कृषि प्रदर्शन, कृषक सम्मान तथा सहलगानीका कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२५. गरिब, विपन्न, एकल महिला, दलित तथा विदेशबाट फर्केका युवा (रिटर्नी) का लागि मागमा आधारित पशुधन कार्यक्रम सञ्चालन गरी पशु व्यवसायमार्फत् आयआर्जन गर्न प्रोत्साहित गरिनेछ ।

२६. नगरलाई मासु, अण्डा, माछा तथा दुधमा आत्मनिर्भर बनाउनका लागि तुलनात्मक लाभ भएका उन्नत जातका पशुपंक्षीको उत्पादन, प्रबर्धन तथा बजारीकरणमा सहयोग गर्नका लागि उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन गरिनेछ।

२७. पशुपालन व्यवसायलाई उत्पादनमुखी र बजारको मागअनुसार स्वस्थ्यकर, व्यवस्थित, नाफामूलक र सर्वसुलभ बनाउन बाँझोपन निवारण, मौसमी घाँस वितरण, खोप, आकस्मिक रोग निवारण, पशु स्वास्थ्य शिविरलगायतका कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२८. पशुपालन व्यवसायलाई बढीभन्दा बढी उत्पादनमूलक र व्यावसायिक बनाउन र बजारको माग, युवाको आकर्षण, स्थानीय हावापानी सुहाउँदो र वातावरणीय हिसावले अनुकूलन हुने गरी रैथाने बाख्रा, बङ्गुर, माछा तथा गाई पालन जस्ता प्रबर्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ।

२९. छाडा चौपाया तथा सामुदायिक कुकुर व्यवस्थापनका लागि नगरको उपयुक्त स्थान पहिचान गरी सरकारी, गैरसरकारी तथा निजी क्षेत्रसँगको समन्वयमा **जनावर सेवा आश्रम** सञ्चालन गरिने छ।

३०. कृषक तथा पशु व्यवसायीलाई छिटोछरितो तथा घरदैलोमा सेवा दिई किसानसँगसँगै सरकार भन्ने अनुभूति दिलाउन **पशु एम्बुलेन्स**को व्यवस्था गरिनेछ।

३१. दुग्धजन्य पदार्थको उत्पादन तथा बजारीकरणको लागि सहकार्य गरिनेछ।

**नगरसभा सदस्यज्यूहरू,**

३२. रोजगार सेवालाई प्रभावकारी तथा व्यवस्थित बनाउनका लागि रोजगार सहायता कक्ष सञ्चालनलाई प्रभावकारी बनाइनेछ।

३३. बेरोजगारको तथ्याङ्क सङ्कलन, विश्लेषण तथा अद्यावधिक गरी वेरोजगारका लागि **"रोजगार बैङ्क"** तयार गरिनेछ साथै अनौपचारिक क्षेत्रमा कार्यरत सूचीकृत श्रमिकलाई सामाजिक सुरक्षा कोषमा लैजान आवश्यक प्रबन्ध गरिनेछ ।

३४. लघु तथा साना उद्योगमार्फत् स्थानीय स्रोत साधनको उपयोग गरी आयमूलक रोजगारी सिर्जना गर्दै लागत साझेदारीमा नवप्रबर्धनमूलक कार्यक्रम सञ्चालनलाई उच्च प्राथमिकता दिइनेछ।

३५. ढाका कपडा, गुन्द्रुक, वेसार, तोफु, फापर, कोदो, गेडागुडी लगायतका उत्पादनलाई विशेष प्राथमिकता दिई लेबलिङ, प्याकेजिङ, ब्रान्डिङ र बजारीकरणमार्फत् स्थानीय उत्पादनलाई प्रबर्धन गरिनेछ।

३६. यस नगरलाई कार्य क्षेत्र बनाई संचालनमा रहेका सहकारीको सूचकमा आधारित अनुगमन, नियमन तथा मूल्याङ्कन कार्यलाई प्रभावकारी बनाउँदै कृषि सहकारी र उत्पादनमूलक सहकारीका माध्यमबाट रोजगारी सिर्जना गरिनेछ।

३७. सहकारीलाई सामाजिक उत्तरदायित्व निर्वाहका लागि अभिप्रेरित गर्दै सहकारीको सञ्चालनमा एकरुपता ल्याउन कार्यविधिको निर्माण तथा कार्यान्वयनका माध्यमबाट समान उद्देश्य भएका सहकारीलाई एकीकृत गर्न प्रोत्साहन गरिनेछ ।

३८. पर्यटकीय नगरीको रुपमा विकास गर्न नगरभित्र रहेका प्राकृतिक, धार्मिक, साँस्कृतिक तथा मानव निर्मित स्थलको पहिचान र ब्यूटिफिकेशन (सौन्दर्यीकरण) का लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

३९. आन्तरिक तथा बाह्य पर्यटनलाई प्रबर्धन गर्न नगर क्षेत्रभित्र रहेका महत्त्वपूर्ण पर्यटकीय स्थलको प्रचार-प्रसार गर्दै सम्भाव्य क्षेत्रको पहिचान र अध्ययन अनुसन्धानमा जोड दिइनेछ।

४०. जिल्लाभित्रका अन्य पालिकासँगको समन्वयमा एकीकृत पर्यटकीय प्याकेज तयार गरी पर्यटकीय क्षेत्रको विकास तथा विस्तारमार्फत आयआर्जनमा जोड दिइनेछ।

४१. निजी क्षेत्रसँगको सहकार्यमा पर्यटन क्षेत्रलाई प्रबर्धन गर्न समन्वय गरिनेछ भने चुरियामाई सुरुङ्ग मार्ग सञ्चालन, नाइट पार्क निर्माण तथा स्ट्रेट लाइटको व्यवस्था गरी पर्यटक आकर्षण कार्यक्रमलाई प्रोत्साहित गरिनेछ ।

४२. निशुल्क तथा अनिवार्य शिक्षा सम्बन्धी ऐन, २०७५ को प्रावधानसमेतलाई मध्यनजर राखी विद्यार्थीलाई मनोरञ्जनात्मक तवरले सिक्ने अवसरको सिर्जना गर्दै सिपमूलक सिकाइको सुनिश्चितताका लागि **"सुनौलो शुक्रबार"** कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

४३. विद्यालय शिक्षाको भौतिक तथा गुणस्तर सुधारलाई मध्यनजर राखी शिक्षक-विद्यार्थी अनुपातमा एकरुपता कायम राखी दक्ष र तालिम प्राप्त शिक्षकबाट पढ्न पाउने विद्यार्थीको हकलाई सुनिश्चित गर्नका लागि शिक्षक दरबन्दी पुनरावलोकन, मिलान र विद्यालयको स्थगन वा मर्जिङ्ग गर्ने कार्यलाई प्राथमिकतामा राखिनेछ ।

४४. शिक्षकको पद रिक्त हुँदा पठनपाठनमा हुने क्षति न्यूनीकरण गर्नका लागि **"शिक्षक बैंक"**, "Mobile Teacher" र "Silver Volunteer" को व्यवस्था गरिनेछ । शिक्षक प्रसुति विदामा बसेका बखत विद्यार्थीको पठनपाठनमा बाधा नपुग्ने गरी सिकाइ आपूरणका लागि बैकल्पिक व्यवस्था गरिनेछ ।

४५. स्वास्थ्य चौकी, शहरी स्वास्थ्य केन्द्र, शहरी स्वास्थ्य प्रबर्धन केन्द्र, अस्पताल तथा विद्यालय नर्सको परिचालनमार्फत सबै विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने प्रबन्ध मिलाइनेछ ।

४६. विद्यालयको व्यवस्थापनमा सुशासन प्रबर्धन र पारदर्शिता कायम राख्नका लागि विद्यालयका प्रधानाध्यापकलाई जिम्मेवारीसहितको उत्प्रेरणामूलक कार्यक्रमको प्रबन्ध मिलाइनेछ।

४७. विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघका पदाधिकारीका लागि नेतृत्व विकास तालिम, शिक्षक, कर्मचारी, बालविकास केन्द्रका सहजकर्ताहरूको लागि तहगत र विषयगत रूपमा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

४८. प्रदेश शिक्षा तालिम केन्द्रलगायतका निकायसँग समन्वयमा विद्यार्थीको सिकाइलाई रचनात्मक तथा बैज्ञानिक तवरले मूल्याङ्कन गर्न प्रश्नपत्र निर्माण, परीक्षा सञ्चालन र उत्तरपुस्तिका परीक्षणका लागि शिक्षकको क्षमता विकास गरिनेछ ।

४९. विद्यालयको भौतिक सुदृढीकरण, गुणस्तर सुधार, क्षमता विकास तथा लैङ्गिक समताको सुनिश्चितता गर्न शिक्षा क्षेत्रको समग्र विकासलाई मध्यनजर राख्दै **"विद्यालय सुदृढीकरण योजना"** कार्यान्वयनमा ल्याइनेछ ।

५०. सामुदायिक विद्यालयको भौतिक अवस्था अडिट गरी प्राथमिकताका आधारमा क्रमश: बजेटको प्रबन्ध गर्दै भौतिक सदृढीकरणका लागि आवश्यक व्यवस्था गरिनेछ । त्यसै गरी भौगोलिक रुपले विकट र आर्थिक रुपले पछाडि पारिएका वर्गको शिक्षामा सरल पहुँच स्थापना गर्नका लागि आवाशीय विद्यालयको अवधारणालाई कार्यान्वयनमा ल्याइनेछ ।

५१. विद्यालय तहबाटै विद्यार्थीको क्षमताअनुसार सिकाइका क्षेत्र पहिचान गरी परामर्श दिनका लागि वृत्ति मार्गनिर्देशन कार्यक्रम सञ्चालन गरिनेछ । अटिजम, बौद्धिक अपाङ्गता, डाउन सिन्ड्रोम जस्ता फरक प्रकृतिका बालबालिकाको सर्वाङ्गीण विकासका लागि विद्यार्थीको व्यक्तिगत मूल्याङ्कन प्रणाली विकास गरिनेछ ।

५२. सामुदायिक तथा संस्थागत विद्यालयका असल अभ्यासलाई एकअर्कामा साटासाट गर्ने अवसरको सिर्जना तथा आपसी सद्भाव र सहयोगमा शिक्षकको क्षमता विकास गरी समग्र शैक्षिक उन्नयनमा प्रभावकारी रुपान्तरणको थालनीका लागि मार्ग प्रसस्त गरिनेछ ।

५३. विभिन्न सरकारी तथा गैर सरकारी संस्थालाई स्थानीय पाठ्यक्रम विकास, कार्यान्वयन, हरित विद्यालय, वातावरण संरक्षण, वन्यजन्तु संरक्षण, पर्यटन प्रबर्धन, शिक्षक तालिम, सिप परीक्षण जस्ता क्षेत्रमा समन्वय र सहकार्य गरी समृद्ध नगरको अवधारणामा ठोस सहयोग पुग्ने नीति अवलम्बन गरिनेछ ।

५४. गृहिणी महिला तथा विद्यालय शिक्षाको अवसरबाट बञ्चित भएका व्यक्तिलाई अनौपचारिक तथा आजीवन सिकाइका माध्यमबाट माध्यमिक तहसम्मको शिक्षामा पहुँच सुनिश्चतताका लागि सामुदायिक सिकाइ केन्द्रसँगको समन्वयमा बैकल्पिक विद्यालयको स्थापना र सञ्चालन गरिनेछ ।

५५. प्रदेश सरकारले सरकारी कामकाजको भाषाका रुपमा लागू गरेका तामाङ्ग तथा नेपाल भाषाको प्रबर्धन गर्न स्थानीय पाठ्यक्रमका रुपमा विद्यालय तहमा पठनपाठनका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

५६. प्रदेश सरकार र नेपाल सरकारसँग समेत समन्वयमा पूर्वाधार सम्पन्न दुई वा दुईभन्दा बढी विद्यालयलाई समाहित गरी गुणस्तरीय शिक्षाको व्यवस्था गर्न नगरको सहयोग र समन्वयमा

"**विशिष्टीकृत मेघा विद्यालय**" सञ्चालनको सम्भाव्यता अध्ययन गरी कार्यान्वयन गर्नका लागि कानुनी प्रावधान तयार गरिनेछ ।

**नगरसभा सदस्यज्यूहरू,**

५७. "**युवासँग उपमेयर**" कार्यक्रमअन्तर्गत युवामा स्वयं सेवा, सकारात्मक सोच, उद्यम प्रबर्धन तथा कुलत दूर्व्यसन नियन्त्रणसम्बन्धी युवा परामर्श तथा क्षमता विकासका कार्यक्रममार्फत् युवा सशक्तीकरण गरिनेछ ।

५८. युवामा स्वयंसेवी भावना विकास गर्न शिक्षा, स्वास्थ्य, खेलकुद जस्ता क्षेत्रमा योगदान गर्न तथा सामाजिक सुधारका कार्यमा युवा परिचालन गर्न युवा स्वयंसेवक परिचालन कार्यक्रम सञ्चालन गरिनेछ।

५९. सामाजिक विकासमा युवा र गैर सरकारी संस्थाको नगरस्तरीय सञ्जाल निर्माण गरी सहकार्य गर्दै युवाको नेतृत्व विकासमा जोड दिइनेछ ।

६०. विद्यालय तहदेखि नै खेल प्रतिभा प्रस्फुटनको अवसर प्रदान गर्न राष्ट्रपति रनिङ शील्डका अतिरिक्त वडाको साझेदारीमा क्रिकेट, फुटबल, भलिबल लगायतका खेलको विद्यालयस्तरीय लिग सञ्चालन गरिनेछ ।

६१. राष्ट्रिय महिला फुटबल लिग सञ्चालनका लागि आवश्यक व्यवस्था गरिनेछ भने अपाङ्गता भएका व्यक्तिलाई लक्षित गरी विशेष खेल प्रतियोगिता आयोजना गरिनेछ ।

६२. "**समता, सामाजिक न्याय र समावेशिता: नगरको सुन्दरता**" भन्ने अपेक्षित मर्मलाई आत्मसात् गर्दै नगरको समग्र विकासमा समानुपातिक समावेशितालाई अवलम्बन गरिनेछ ।

६३. नगरक्षेत्रमा गठन भएका टोल विकास संस्थालाई सामुदायिक परिचालनको माध्यमबाट सामाजिक रुपान्तरणका लागि छुवाछुत, सामाजिक कुरीति, अन्धविश्वास, लैङ्गिक विभेद र हिंसाका घटना न्यूनीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

६४. मानवीय संवेदनशीलतालाई मध्यनजर गर्दै असहाय, बेसहारा, सहयोगापेक्षी सडक मानव, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक हिंसा पीडित तथा प्रभावित व्यक्तिको संरक्षण, स्वास्थ्योपचार तथा पुनर्स्थापनामा सहयोग पुर्याउँदै आएका संस्थाको व्यवस्थापनमा गरिदैं आएको सहयोगलाई निरन्तरता दिइनेछ ।

६५. यौनिक तथा लैङ्गिक अल्पसंख्यक, दलित, सीमान्तकृत समुदाय, आदिवासी जनजाति, महिला तथा अपाङ्गता भएका लक्षित वर्गका युवाहरूलाई स्वरोजगार लक्षित कार्यक्रम सञ्चालनमा प्राथमिकता दिँदै नगर क्षेत्रमा क्रियाशील गैर सरकारी संघसंस्थालाई समन्वय एवम् सहकार्यमा कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गरिनेछ।

**नगरसभा सदस्यज्यूहरू,**

६६. एचआईभि सङ्क्रमित/प्रभावित बालबालिकाको पोषण तथा शैक्षिक सहयोग कार्यक्रमका साथै सङ्क्रमित व्यक्तिको उपचार तथा आय आर्जनका लागि आवश्यक सहयोग उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

६७. **"जनतासँग मेयर स्वास्थ्य कार्यक्रम"** मार्फत विपन्न, जेष्ठनागरिक, अपाङ्गता भएका व्यक्ति तथा एकल महिला/पुरुष, आमा तथा बच्चाको स्वास्थ्य, प्रशामक सेवा (Paliative Care), पोषण कोसेली, घर भेटघाट गर्ने (PNC Home Visit) कार्यक्रमलगायतका क्षेत्रलाई प्राथामिकतामा राखी सञ्चालन गरिनेछ ।

६८. संघ तथा प्रदेश सरकारको समन्वय तथा सहयोगमा हटिया र पदमपोखरी स्थित आधारभूत अस्पताललाई स्वास्थ्य विमा वोर्डसँग आवद्ध गरी विमासहितको स्वास्थ्य सेवा सञ्चालन गरिनेछ।

६९. महिलामा देखिने पाठेघर मुखको क्यान्सर रोगलाई स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीको समुचित परिचालनबाट साप्ताहिक तथा मासिक रुपमा भिआईए सेवा निःशुल्क सञ्चालन गर्न आवश्यक व्यवस्था गरिने छ।९ देखि १४ वर्षका किशोरीलाई लक्षित गरी महिलामा समस्याको रुपमा देखिने गरेको उक्त रोग विरुद्धको HPV खोपको लागि सरोकारवालासँग समन्वय गरी जनशक्तिको क्षमता विकस सहित आवश्यक कार्य थालनी गरिने छ ।

७०. स्वास्थ्य संस्थाको सेवालाई प्रभावकारी बनाउन र आधारभूत स्वास्थ्य सेवाको पहुँच अभिवृद्धि गर्न ई-रिपोर्टिंग सिस्टम (eHMIS/DHIS2/eTB/eLMIS) लाई व्यवस्थित गर्दै नगरअन्तर्गतका स्वास्थ्य संस्थाको न्यूनतम सेवा मापदण्डका आधारमा अनुगमन गरिनेछ । साथै गर्भवती महिलाको गर्भअवस्थादेखि सुत्केरी भएको दुई वर्षसम्मको अवधिलाई डिजिटल प्रविधिवाट ट्र्याकिङ गरी उक्त अवधिमा लिनुपर्ने सम्पूर्ण आधारभूत सूचना उपलब्ध गराइनेछ ।

७१. नेपाल रेडक्रस सोसाइटी, ब्लड बैंकमार्फत् नगरवासीलाई प्रदान गरिदैं आएको निःशुल्क रक्त सञ्चार सेवा कार्यक्रमलाई निरन्तरता दिइनेछ।विकट स्थानमा बसोबास गर्ने नगरबासीमा सहज स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

७२. नगरको सहयोगमा हेटौंडा अस्पतालमा निर्माणाधीन प्रसुति वार्ड सञ्चालनमा ल्याइने छ भने सरोकारवालासँगको समन्वय र सहकार्यमा नगरलाई क्षयरोगमुक्त बनाउन आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

७३. **"मेरो स्वास्थ्य, मेरो जिम्मेवारी"** नारालाई सार्थक तुल्याउन नगरभित्र योग (आसन, प्रणायम, ध्यान) एवम् सकारात्मक जीवनशैलीसम्बन्धी प्रशिक्षणलगायत सर्ने/नसर्ने रोगसम्बन्धी जनचेतना अभिवृद्धि गराई स्वस्थ जीवनशैली मापन (Healthy Lifestyle Assessment) क्रियाकलाप सञ्चालन गरिनेछ । साथै भान्साबाट नै स्वास्थ्यमा सुधार गर्न सकिन्छ भन्ने अवधारणालाई व्यवहारमा कार्यान्वयन गर्न विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ।

७४. स्तनपाई आमालाई मातृशिशु सुरक्षार्थ दुग्धबर्धक औषधी वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

७५. पतञ्जली योग समिति र जीवन विज्ञान लगायतका योगाभ्यास प्रवर्द्धनमा क्रियाशील रहेका संघ-संस्थासँग समन्वय र सहकार्यमा नगर क्षेत्रमा योगाभ्यासलाई अभियानको रुपमा सञ्चालन गरिनेछ।

७६. आयुर्वेद तथा प्राकृतिक चिकित्सालगायत वैकल्पिक चिकित्सा क्षेत्रको समुचित विकासका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ । साथै प्राकृतिक चिकित्सा सेवा प्रदान गरिरहेका स्वास्थ्य संस्थालाई सहयोग गर्ने नीतिलाइ निरन्तरता दिइनेछ भने सञ्चालनमा रहेका आयुर्वेद स्वास्थ्य संस्थालाई मर्ज गरी एकीकृत सेवा प्रवाह गर्ने प्रबन्ध गरिनेछ ।

७७. स्थानीयबासीलाई सरल र सुपथ मूल्यमा औषधि उपलब्ध गराउन उपयुक्त स्थानको पहिचान गरी **सुलभ फार्मेसी** सञ्चालनमा ल्याउने प्रबन्ध मिलाइनेछ ।

**नगरसभा सदस्यज्यूहरू,**

७८. **"लैङ्गिक हिंसामुक्त नगर, दिगो समृद्धिको आधार"** भन्ने नाराका साथ लैङ्गिक हिंसामुक्त नगर निर्माणको लागि लैङ्गिक हिंसा, घरेलु हिंसा, मानव बेचविखन तथा ओसारपसार विरुद्धमा निरोधात्मक उपाय अवलम्बन गर्दै प्रभावित महिला र बालबालिकालाई उद्दार, राहत, पुनर्स्थापना, मनोसामाजिक परामर्श सेवा तथा पारिवारिक पुनर्मिलनका लागि अल्पकालीन सुरक्षित आश्रय स्थलको सञ्चालनलाई निरन्तरता दिदैं लैङ्गिक हिंसा विरुद्ध शुन्य सहनशीलताको नीति अवलम्बन गरिनेछ।

७९. नगरलाई बालमैत्री स्थानीय शासनयुक्त बनाउन परिवार, टोल, विद्यालयलगायत सरोकारवालालाई जिम्मेवार बनाउँदै बालमैत्री स्थानीय तह घोषणाका सूचक पूरा गर्दै वडालाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरी **बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका** घोषणा गरिनेछ।

८०. महिलालाई विभिन्न किसिमका सीपमूलक तालिम तथा अन्तर्निहित प्रतिभा प्रस्फुटनका लागि बृहत कला प्रदर्शनी कार्यक्रम सञ्चालन गरिनेछ । साथै अपाङ्गता भएका व्यक्तिको क्षमता अभिवृद्धि गर्दै आय आर्जनमा जोड दिइनेछ ।

८१. बालिका तथा किशोरीको सचेतना तथा संरक्षणको लागि जोखिम विरुद्ध **आमाछोरी कार्यक्रम, सासु बुहारी** र **किशोरी संवाद** कार्यक्रम सञ्चालन गरिनेछ ।

८२. ज्येष्ठ नागरिकलाई अनुभव आदानप्रदान, भलाकुसारी एवम् मनोरञ्जनका लागि सामाग्री हस्तान्तरणमार्फत् ज्येष्ठ नागरिक मिलन केन्द्र सञ्चालनमा ल्याइनेछ ।

८३. ज्येष्ठ नागरिक र बालबालिकाबिच अन्तरपुस्ता सिप हस्तान्तरण कार्यक्रम सञ्चालन गरी बालबालिकालाई नैतिकवान र आचरणयुक्त बनाउँदै जेष्ठ नागरिकप्रतिको सामिप्यता अभिवृद्धि गरिनेछ ।

८४. अपाङ्गता भएका व्यक्तिलाई दैनिक जीवनयापनमा सहजता पु¥याउनको लागि सहायक सामाग्री वितरण तथा प्रशासनिक कामकाजमा बहिरा व्यक्तिसँगको संवाद सहजीकरणको लागि दोभाषेको व्यवस्था मिलाइनेछ।

८५. दनुवार, थामी, चेपाङ्ग र बोटे महिलाको आयआर्जनका लागि नगरपालिकबाट सञ्चालन हुने सिप विकास कार्यक्रममा आबद्ध गरिने छ। गृहिणी महिलालाई सिप र प्रविधिसँग जोड्न आवश्यक प्रबन्ध गरिनेछ ।

८६. "ग" वर्गका अपाङ्गता भएका व्यक्तिको स्वास्थ्य उपचारमा पहुँच अभिवृद्धि गर्न स्वास्थ्य विमा कार्यक्रम सञ्चालन गरिने छ ।यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदाय विरुद्ध हुने विभेद, हिंसा तथा अपहेलना अन्त्यका लागि सचेतना तथा आयआर्जनमा सहायता प्रदान गरिनेछ।

**नगरसभा सदस्यज्यूहरू,**

८७. वातावरण प्रदुषण गर्ने प्लाष्टिक प्रयोगलाई निरुत्साहन गर्न प्रदेश सरकार एवम् सरोकारवाला निकायको समन्वय र सहकार्यमा ४० माईक्रोनभन्दा तलका प्लास्टिक झोला नियन्त्रण कार्य अगाडि बढाउँदै **"प्लास्टिक झोला मुक्त नमुना नगर"** अभियान संचालन गरिने छ।

८८. सामुदायिक वन उपभोक्ता समितिको क्षमता विकास गर्दै सहरी क्षेत्र हरियाली प्रबर्धन, संरक्षण एवम् उपयोगका लागि नागरिक सचेतीकरणमा जोड दिइनेछ ।

८९. शहरी वातावरण स्वच्छ राख्न नगर क्षेत्रभित्रका उद्योगबाट हुन सक्ने प्रदुषण मापन कार्य व्यवस्थित र नियमित गरिने छ। सफा र स्वस्थ्य हेटौंडा अभियानअन्तर्गत फोहरलाई स्रोत मै वर्गीकरण गर्ने कार्यलाई टोल विकास संस्थाको समन्वय र सहकार्यमा विस्तार गरिनेछ ।

९०. नगर क्षेत्रमा उत्सर्जन हुने फोहरमैलाको दिगो व्यवस्थापन गर्न सार्वजनिक निजी साझेदारी अवधारणामा फोहर व्यवस्थापन कार्यलाई निरन्तरता दिइने छ। फोहरमैला व्यवस्थापनका लागि वातावरणमैत्री प्रविधि तथा उपकरण जडानका लागि आवश्यक अध्ययन गरिनेछ ।

९१. समुदायस्तरमा खानेपानी तथा सरसफाई स्वच्छतासम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । नगरको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (WASH Plan) तयार गरिनेछ।

९२. नगर र खानेपानी व्यवस्थापन बोर्डको संयुक्त लगानीमा खानेपानी पूर्वाधार निर्माणमा लागत साझेदारीलाई निरन्तरता दिइनेछ । साथै हाल उपलब्ध गराइरहेको खानेपानी महसुल सहुलियतलाई आवश्यक अध्ययन गरी पुनरावलोकन गरिनेछ ।

९३. भूमिगत पानी पुनर्भरण हुने क्षेत्र पहिचान, नक्साङ्कन, भण्डारण क्षमता र अवस्थिति बारे विस्तृत भौगर्भिक अध्ययन गरी विषयगत कार्यालयसँग साझेदारीमा भूमिगत पानी पुनर्भरणका लागि **रिचार्ज पोखरी** निर्माण गरिनेछ ।

९४. सार्वजनिक स्थलमा आवश्यकता र संभावनाका आधारमा व्यवस्थित शौचालय निर्माण र खानेपानीको व्यवस्था गरिने छ। स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र (LEOC) स्थापना गरी सञ्चालनमा ल्याइनेछ।

९५. विपद् व्यवस्थापनसम्बन्धी कृतिम घटना अभ्यास गराई विपद् जोखिम न्यूनीकरणका अभियान संचालन गरिने छ। आगलागीजन्य दूर्घटना न्यूनीकरण गर्न सबैको पहुँच पुग्ने सार्वजनिक स्थल, नगर तथा वडा कार्यालयमा अग्नी नियन्त्रण यन्त्र (Fire Extinguisher) जडान गरी समुदाय तहमा अभियानको रुपमा तालिम सञ्चालन गरिनेछ।

९६. शान्ति सुरक्षा, दुर्घटना न्यूनीकरण, अपराध नियन्त्रण, कानुन कार्यान्वयनलगायतका कार्यमा बहुउपयोगी हुने गरी नगर मुख्यक्षेत्रमा जडान गरिएका सिसिटिभिलाई आवश्यक मर्मत, सुधार गरी स्थानीय प्रशासनसँगको समन्वयमा सुरक्षित सहरको प्रत्याभूतिलाई निरन्तरता दिइनेछ ।

९७. नगर तथा वडा कार्यालयमा सुझाव/गुनासो सुनुवाई तथा व्यवस्थापन कार्यलाई थप प्रभावकारी बनाउँदै सार्वजनिक सेवा प्रवाहमा सकारात्मक विभेदको नीति लिइनेछ। साथै वडा कार्यालयबाट हुने योजना कार्यान्वयन, फरफारक र भुक्तानीको व्यवस्थालाई निरन्तरता दिइनेछ।

९८. नगरको समग्र विकास तथा सार्वजनिक क्षेत्रमा उत्कृष्ट योगदान एवम् सहयोग पु¥याउने विशिष्ट व्यक्तित्व/संस्थालाई सम्मान गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

९९. संघीय सरकार तथा प्रदेश सरकारबाट अभ्यासमा ल्याइएका स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA), स्थानीय वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) लगायतका कार्यविधि अनुरुप नगरको काम कारवाहीलाई नतिजामुखी बनाइनेछ ।

१००. नगर र वडास्तरबाट हुने सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउन विद्युतीय शासन गुरुयोजना (e-Governance Master Plan) तर्जुमा गरी कार्यान्वयनमा ल्याइने छ।

१०१. सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदनका आधारमा स्वीकृत सङ्गठन संरचनालाई अद्यावधिक गर्दै नगरबासीलाई दिने सेवा प्रवाहमा पारदर्शिता तथा छिटो छरितो सेवा प्रवाहको सुनिश्चिता कायम गरिनेछ ।

१०२. कर्मचारी प्रशासनलाई क्षमता विकासका तालिम तथा नवीनतम प्रविधिको ज्ञान मार्फत प्रतिस्पर्धी र प्रभावकारी बनाइनेछ। साथै कर्मचारीको बहुआयामिक क्षमता विकास गरी आवश्यकताको आधारमा कार्यसम्पादन गर्ने जिम्मेवारी दिइनेछ ।

१०३. कर्मचारीलाई कार्यसम्पादनका आधारमा उत्कृष्ट कर्मचारी छनोट गरी पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१०४. नगर र नगर क्षेत्रभित्रका सार्वजनिक सम्पत्ति विवरणसहितको अद्यावधिक अभिलेख राखिनेछ।

१०५. नगर र वडा कार्यालय तथा सामुदायिक विद्यालयमा रहेका जिन्सी सामग्रीको अभिलेख अध्ययन गरी एकीकृत लिलाम बिक्रीसम्बन्धी कार्य गरिनेछ ।

१०६. न्यायिक समितिको संस्थागत सुधार र मेलमिलापकर्ताको क्षमता अभिवृद्धि कार्यलाई निरन्तरता गरिनेछ ।

१०७. आर्थिक तथा सामाजिक रुपमा पछाडि पारिएका वर्गलाई निःशुल्क कानुनी सहायता र परामर्श सेवा प्रवाहमा सहजीकरण गरिनेछ।

१०८. समुदाय तहमा कानुनी सचेतनाका कार्यक्रम र विद्यालय एवम् क्याम्पसलाई लक्षित गरी विद्यार्थीसँग न्यायिक समिति कार्यक्रम सञ्चालन गरी न्यायमा आम नगरबासीको पहुँच अभिवृद्धि गर्दै न्यायिक समितिको प्रभावकारिता अभिवृद्धि गरिनेछ।

**नगरसभा सदस्यज्यूहरू,**

१०९. **"कर तिर्नु सम्मानित हुनु हो"** भन्ने भावना जगाउन करदाता सम्मान लगायतका प्रवर्द्धनात्मक र प्रचारात्मक कार्यक्रम सञ्चालन गरिने छ।

११०. आर्थिक विधेयक, २०८० मा विगतमा दिइदैं आएको कृषि तथा पशु सेवा प्रवर्धनसँग सम्बन्धित व्यवसाय दर्ता तथा नवीकरणमा तोकिएको दरमा ६० प्रतिशत छुटलाई निरन्तरता दिइनेछ ।

१११. एकल महिला तथा अपाङ्गता भएका व्यक्ति प्रमुख सञ्चालक, प्रोपाईटर भई उद्योग दर्ता तथा नवीकरण गरेमा तोकिएको शुल्कमा २० प्रतिशत छुटलाई निरन्तरता दिइनेछ ।

११२. सवै वडालाई प्रविधिसँग जोड्दै सवै प्रकारका कर राजश्व Online प्रणालीबाट नै सङ्कलन गर्ने व्यवस्था मिलाइने छ । कर तथा राजस्व सङ्कलन प्रक्रियालाई थप प्रभावकारी बनाउन विद्युतीय भुक्तानी (Connect IPS, विभिन्न बैंक तथा वित्तीय संस्था र मोबाइल वालेट) सेवा प्रदायकसँग समन्वय गरी Quick Response Code (QR Code) द्वारा भुक्तानी हुने व्यवस्था गरिने छ।

११३. नदीजन्य पदार्थको जरिवाना असुलीलाई राजश्व बृद्धिको आधारको रुपमा अपनाउन निषेधित क्षेत्र, समय र स्थान तथा प्रचलित कानुन विपरीतका नदीजन्य पदार्थ उत्खनन, सङ्कलन तथा ढुवानी जस्ता क्रियाकलाप रोक्ने कार्यमा संलग्न रहने कर्मचारी तथा सुरक्षा निकायलाई जरिवाना असुली रकमको २० प्रतिशतले हुन आउने रकम प्रोत्साहन बापत उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइनेछ ।

११४. करको सङ्कलनमा सहजीकरण गर्न तथा करदातामा विभिन्न सूचना सम्प्रेषण गरी करदातामैत्री वातावरण सिर्जना गर्न **नगर कर सहजकर्ता** (Municipal Tax Facilitator) परिचालन गरिने छ साथै यसका लागि स्थानीय व्यवस्थापन विषय पठनपाठन हुने क्याम्पससँग संस्थागत संझौता गरिनेछ ।

११५. घर बहाल करलाई समय सापेक्ष सुधार गर्न बैंक तथा वित्तीय संस्था, सरकारी निकाय, निजी क्षेत्र र अन्य संस्थाको घर बहाल करलाई आधार मानी पुनर्मूल्याङ्कन गरिने छ। घरजग्गा बहाल करलाई प्रभावकारी बनाउन कार्यविधि तयार गरी सम्बन्धित वडा कार्यालयलाई अनिवार्य रूपमा घर बहाल सम्झौता अभिलेखाङ्कन गराउने नीति अवलम्वन गरिनेछ ।

११६. घरजग्गा बहाल करलाई पूर्ण रूपमा करको दायरामा ल्याई कर अभिवृद्धि गर्न टोल विकास संस्थासँग आवश्यक समन्वय गरी स्वचालित तथ्याङ्क प्रणाली (Automated Data Base System) लागू गरिने छ ।

११७. नगरको आन्तरिक आय बृद्धि गर्नका लागि प्रचलित नियम कानुनमा व्यवस्था भएको कर, शुल्क तथा दस्तुर सम्बन्धित सरोकारवालासँग समन्वय र सहकार्य गरी कर सङ्कलन कार्यलाई व्यवस्थित गरिने छ ।

११८. "**बढी हुनेले बढी र कम हुनेले कम**" कर तिर्ने प्रणालीलाई व्यवस्थित बनाउँदै करको दरमा वृद्धि नगरी दायरा फराकिलो पार्न विभिन्न उपाय अवलम्बन गरिनेछ। यसका लागि टोल विकास संस्था र आवश्यकताअनुसार स्वयंसेवक समेत परिचालन गरिने छ।

११९. भूमिकर, सम्पत्तिकर, पेसा व्यवसाय कर र घर जग्गा बहाल करलगायतका विभिन्न कर/शुल्क/ दस्तुर सफ्टवेयरको माध्यमबाट वडाबाटै असुली भैरहेकामा सो कार्यलाई थप व्यवस्थित गर्दै करदातामैत्री, प्रविधिमैत्री र प्रभावकारी बनाइनेछ।

१२०. अटो रिक्सा र विद्युतीय रिक्सा नवीकरण र सिफारिस प्रक्रियालाई व्यवस्थित गरिने छ। साथै नगर क्षेत्रभित्र सञ्चालनमा रहेका ई-रिक्सा तथा अटो रिक्साको व्यवस्थापन र रुटका लागि छुट्टै इकाइ खोली व्यवस्थापन गरिने छ ।

१२१. प्रदेश सरकारको समन्वयमा केबुल सञ्चालक र डिसहोम विक्रेता डिलरबाट ग्राहक सङ्ख्याको आधारमा मासिक रुपमा मनोरञ्जन कर लिइने व्यवस्था मिलाइने छ।विद्युत पोलमा रहेका केवलतार व्यवस्थित गरिने छ।

१२२. उपमहानगरपालिका क्षेत्रभित्र सञ्चालन भएका सबै प्रकारका व्यवसायहरूको दर्ता एवम् नवीकरणलाई अनिवार्य गर्न अभियान सञ्चालन गरी करको दायरामा ल्याइने छ।

१२३. सम्पूर्ण करदातालाई कर शिक्षा प्रदान गरी करको दायरामा ल्याउने उदेश्य अनुरूप **"तपाई हाम्रो कर, नगर विकासको घर"** मुल नारासहित निजी क्षेत्र, सामुदायिक संस्था, वडा र टोल विकास संस्थालाई जिम्मेवार बनाई परिचालन गरिने छ।

१२४. विकास निर्माणका कार्यमा आवश्यक निर्माण सामाग्रीको उपलब्धता सुनिश्चित गर्नुको साथै आन्तरिक स्रोतमा बढोत्तरी गर्न नदिजन्य पदार्थको वातावरणीय प्रभाव मूल्याङ्कन गरी ठेक्का प्रणालीमार्फत् व्यवस्थित गरिने छ।

१२५. आन्तरिक स्रोत बढाई आत्मनिर्भर बनाउने ध्येयका साथ करका दायरा विस्तार गर्न आवश्यक अध्ययन अनुसन्धानका कार्य थालनी गरिने छ।करका क्षेत्रको पहिचान गरी सङ्कलन गर्ने कार्यमा जनप्रतिनिधि, कर्मचारी, टोल विकास संस्था परिचालन गर्ने नीति अख्तियार गरिने छ।नगरपालिका र वडा कार्यालयबाट प्रदान गरिने सेवा प्रवाहमा कर चुक्ता प्रमाण पत्रलाई अनिवार्य शर्तको रूपमा लिइने छ। नक्सा पास नभएका संरचनालाई समेत मूल्याङ्कन गरी करको दायरामा ल्याइने छ।

१२६. राष्ट्रिय-अन्तर्राष्ट्रिय सञ्जाल CITYNET, ICLEI , MuAN, UCLG लगायतका संघसंस्थासँग सम्बन्ध विस्तार सहित स्वदेशका पालिका र अन्तर्राष्ट्रिय सहरसँग भगिनी सम्बन्ध कायम गरी असल अभ्यासको आदान प्रदान गर्दै विकास निर्माणमा सहकार्य र साझेदारी गरिनेछ।

१२७. स्थानीय तहबिच पर्यटन प्रबर्धन, खेलकुद विकास, विपद् व्यवस्थापन, विकास निर्माण, राजश्व सङ्कलन तथा परिचालन, फोहरमैला व्यवस्थापनलगायत साझा सरोकारका विषयमा कार्यक्रम सञ्चालन गर्न स्थापना भएको **"अन्तरपालिका समन्वय सञ्जाल"** लाई मकवानपुर जिल्लाको विकास र समृद्धिका लागि क्रियाशील बनाइनेछ ।

१२८. पूर्वाधारमा लगानीका विभिन्न वित्तीय उपकरण तथा स्रोत परिचालन गर्न नगर विकास कोषमा नगरको शेयर स्वामित्व रहने गरी आवश्यक प्रबन्ध मिलाइनेछ।

**नगरसभा सदस्यज्यूहरू,**

१२९. प्रस्तुत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनबाट सुशासन, सामाजिक न्याय, उत्पादन तथा उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना भई नगरको आर्थिक समृद्धि र जीवनस्तरमा गुणात्मक सुधार आउने अपेक्षा गरेको छु । यी नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सबै पक्षबाट सहयोग प्राप्त हुने विश्वास लिएको छु ।

१३०. अन्त्यमा, नगरको सर्वाङ्गीण विकासमा योगदान पुर्याउने नगरसभाका सदस्य, राजनैतिक दल, राष्ट्र सेवक कर्मचारी, शिक्षक, सञ्चारकर्मी, निजी क्षेत्र, व्यापारी, सुरक्षा निकाय, नागरिक समाज, विकास साझेदार र विकास निर्माणमा श्रम उत्सर्जन गर्ने श्रमजीवीलगायत सम्पूर्ण नगरवासी र संघ तथा प्रदेश सरकारप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

**धन्यवाद ।**